नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं पौष ८ गते २००१ साल [संख्या १८

भाग १

नेपाल प्रधान न्यायालयको ऐन

२००८

प्रस्तावना. नेपाल प्रधान न्यायालयको गठन अखतियार र कामबारे भइरहेका ऐन सबाल सनदमा संशोधन गरी सो सबै एक ठाउँमा राखी एक रूप दिनुपर्ने आवश्यक देखिएको हुनाले श्री ५ महाराजाधिराजबाट मौसुफको मन्त्रिमण्डलका सल्लाहअनुसार देहायबमोजिमको ऐन तोकी जारी गरिबक्सेको छ ।

संक्षिप्त नाम विस्तार १ (क) यो ऐन--नेपाल प्रधान न्यायालय ऐन २००८, भनिनेछ ।

(ख) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

(ग) यो ऐन पछि गजेटमा प्रकाशित हुने मितिदेखि चालु हुनेछ ।

प्रधान न्यायालयको स्थापना. २ नेपालको प्रधान न्यायालय मुलुकको सर्वोच्च न्यायालय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ यस ऐनको उद्देश्यका लागि नेपालको प्रधान न्यायालयको रूपमा अधिकार प्रयोग गरिराखेको वर्तमान प्रधान न्यायालयलाई नै यस ऐनबमोजिमको प्रधान न्यायालय मानिनेछ ।

४ प्रधान न्यायालयको आदेश फैसलाहरू अकाट्य प्रमाण भनी मान्य हुनेछ, तथा प्रधान न्यायालयको र सोमातहतका अदालतहरूको अवहेलनासम्बन्धी सजाय गर्ने अख्तियारसहितको उक्त अड्डाले पाउने सबै अख्तियार यस प्रधान न्यायालयलाई हुनेछ ।

५ प्रधान न्यायालय काठमाडौं वा मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजका स्वीकृतिले प्रधान न्यायाधीशद्वारा समय समयमा तोकिएको ठाउँ वा ठाउँहरूमा अवस्थित हुनेछ ।

प्रधान न्यायालयको गठन

६ प्रधान न्यायालयमा एक प्रधान न्यायाधीश र मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजबाट संख्या नबढाइबक्सेसम्म चारभन्दा बढ्ता अरू न्यायाधीश रहनेछैनन् ।

प्रधान न्यायालयका प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरूको नियुक्ति.

७ प्रधान न्यायाधीश र प्रत्येक न्यायाधीशको नियुक्ति श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहअनुसार हुनेछ र निजहरू ६५ वर्षको उमेर नपुगुन्ज्याल आफ्नो पदमा बहाल रहनेछन् ।

२१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसमा यो बन्देज छ कि—

(क) प्रधान न्यायाधीशबाहेक अरू न्यायाधीश नियुक्त गर्दा प्रधान न्यायाधीशसँग सदैव सल्लाह लिइनेछ ।

(ख) यस किसिमको नियुक्ति एक वर्षको नोकरी पुगेपछि सदर गर्ने गरी अस्थायी रूपमा हुन सक्तछ ।

यसमा अरू थप बन्देज छ कि—

(क) प्रधान न्यायाधीश वा न्यायाधीशले मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजका हजुरमा आफ्नो हस्ताक्षरले पत्र लेखी पदत्याग गर्न पाउनेछन् ।

(ख) प्रधान न्यायाधीश वा कुनै न्यायाधीश खराब आचरण-को वा अयोग्य ठहरिएमा सल्लाहकार समितिको पनि राय बुझी मन्त्रिमण्डलको कमसे कम तीन खण्डको दुइ खण्ड बहुमतले निजलाई खारिज गरियोस् भन्ने राय श्री ५ महाराजाधिराजका हजुरमा दिएमा मौसूफको आज्ञाले मात्र निजहरू आफ्ना पदबाट खारेज हुनेछन् ।

८ नेपालको नागरिक नभई र जहाँसम्म हुन सक्तछ । —

(क) १० वर्षसम्म नेपालमा कुनै इन्साफ गर्ने पदमा बहाल नभई वा ।

(ख) १० वर्षसम्म प्रधान न्यायालयमा वकील नभई कुनै व्यक्ति पनि प्रधान न्यायालयको प्रधान न्यायाधीश वा न्यायाधीशको पदलाई योग्य मानिनेछैन ।

तर प्रधान न्यायालयका प्रधान न्यायाधीश वा न्यायाधीशहरूको पदमा नियुक्त गर्न लायक नेपालका नागरि-क नपाइएको विशेष अवस्थामा नेपालका नागरिक नभए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि लायक व्यक्ति उक्त पदलाई योग्य मानिनेछन् र नियुक्त हुनेछन् ।

न्यायाधीशहरू छान्दा उच्च शिक्षासम्बन्धी विशिष्टता एवं अदालततर्फ र कानूनको राम्रो अनुभवको पनि विचार राखिनेछ ।

९ प्रधान न्यायालयको प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्त भएको प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्नुभन्दा अघि श्री ५ महाराजाधिराजका समक्ष वा मौसूफद्वारा यस कामका लागि निर्दिष्ट व्यक्तिका समक्ष देहायमा लेखिएबमोजिमको शपथ लिई प्रतिज्ञापत्रमा सहिछाप गरी दाखिल गर्नुपर्छ ।

म ..... जो नेपालको प्रधान न्यायालयको प्रधान न्यायाधीश वा न्यायाधीश नियुक्त भएको छु, परमात्मालाई साक्षी राखी शपथ ग्रहण गर्दछु वा सत्यनिष्ठासहित प्रतिज्ञा गर्दछु कि कानूनद्वारा स्थापित नेपालको अन्तरीम विधान--प्रति श्रद्धा भक्ति राख्नेछु । म पूरातवरले औ श्रद्धापूर्वक आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो पदको कर्तव्यलाई भय, पक्षपात, माया वा द्वेषभाव नगरी पालन गर्नेछु र साथै म नेपालको विधान र ऐन कानूनको मर्यादा कायम राख्नेछु ।

१० प्रधान न्यायालयका अरू न्यायाधीशका समक्ष प्रधान न्यायाधीशको दर्जा ठूलो मानिनेछ । अरू न्यायाधीशहरूको भने नियुक्तिको अघि पछि वा हिसाबले पुरानिया र निजहरूको स्थानक्रम निर्धारित हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कायम मुकायम प्रधान न्यायाधीशको नियुक्ति.

११ प्रधान न्यायाधीशको पद खाली हुन आएमा अनुपस्थिति अथवा अरू कुनै कारणले मौसूफ आफ्नो कार्यसम्पादन गर्न असमर्थ भएमा प्रधान न्यायालयका सबभन्दा पुरानिया न्यायाधीश,--जसलाई मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजबाट यस कामका लागि नियुक्त गरिबक्सिनेछ, कायम मुकायम प्रधान न्यायाधीश हुनेछन् ।

कायम मुकायमका निमित्त एडहाँक न्यायाधीशहरूको नियुक्ति.

१२ यस ऐनमा जुनसुकै कुरा भए तापनि प्रधान न्यायालयमा न्यायाधीश भई काम गरिसकेका वा प्रधान न्यायालयको न्यायाधीश हुन सक्ने योग्यता भएका कुनै व्यक्तिलाई मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजको पूर्वस्वीकृतिले जुनसुकै बखतमा प्रधान न्यायालयका प्रधान न्यायाधीशले आवश्यक समयका लागि प्रधान न्यायालयको अस्थायी विशेष न्यायाधीश (ऐडहाँक) भई काम गर्नालाई नियुक्त गर्न सक्नछन् । सोबमोजिम नियुक्ति गरिएका प्रत्येक व्यक्ति अस्थायी विशेष न्यायाधीश (ऐडहाँक) भई बस्ता र काम गर्दा मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजको आदेशानुसार तोकिबक्से-बमोजिमको भत्ता निजले पाउनेछन् । निजको अधिकारक्षेत्र, अख्तियार र सुविधा प्रधान न्यायालयका न्यायाधीशसरह नै हुनेछ । किन्तु निज यसको अतिरिक्त उक्त न्यायालयका न्यायाधीश मानिनेछैनन् ।

१३ (क) कुनै बखत प्रधान न्यायालयको विशेष इजलास गर्नालाई वा सो इजलास चालु राख्नालाई उक्त न्यायालयका न्यायाधीशहरूको आवश्यक संख्या पूर्ति हुन नसकेमा मन्त्रिमण्डलसहित श्री ५ महाराजको पूर्वस्वीकृतिले प्रधान न्यायालय-

देखि मुनिका पहिलो अड्काका कुनै न्यायाधीशलाई वा प्रधान न्यायालयको न्यायाधीश हुन सक्ने योग्यता भएका कुनै व्यक्तिलाई प्रधान न्यायाधीशले आवश्यक समयका लागि प्रधान न्यायालयको इजलासमा अस्थायी विशेष न्यायाधीश (एडहाँक) का रूपमा उपस्थित हुनालाई लिखित अनुरोध गर्न सक्छन् ।

(ख) सोबमोजिम नियुक्त भएका न्यायाधीशले आफ्नो पदका अन्यकर्तव्यभन्दा यसलाई पहिलो स्थान दिई प्रधान न्यायालयमा तोकिएको समयमा तोकिएका अवधिसम्म हाजिर हुनु निजको परम कर्तव्य हुनेछ ।

यस किसिमसँग हाजिर भई काम गर्दा मन्त्रिपरिषदलसहित श्री ५ महाराजाधिराजबाट निर्धारित गरिबक्सेबमोजिमको भत्ता निजले पाउनेछन् । निजको अधिकारक्षेत्र (जुरिसडिक्सन), अख्तियार, सुविधा र कर्तव्यसमेत प्रधान न्यायालयका न्यायाधीशसरह नै हुनेछ । किन्तु निज यसको अतिरिक्त उक्त न्यायालयका न्यायाधीश मानिनेछैन ।

न्यायाधीशहरूको तलब र भत्ता

१४ प्रधान न्यायालयका प्रधान न्यायाधीश र अरू न्यायाधीशलाई मन्त्रिपरिषदलसहित श्री ५ महाराजाधिराजबाट तोकिबक्सेबमोजिमको तलब भत्ता र सुविधा हुनेछ । समय समयमा मन्त्रिपरिषदलसहित श्री ५ महाराजाधिराजबाट बिदा र पेन्शनबारेमा तोकिबक्सेबमोजिमको अधिकार निजहरूले पाउनेछन् ।

तर प्रधान न्यायाधीश वा न्यायाधीशहरू नियुक्त भएपछि निजहरूलाई मर्का पर्ने गरी तलब भत्ता सुविधा वा बिदा र पेन्शनको अधिकार बदलिनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छाप र छाप-जिम्मा.

१५ प्रधान न्यायालयमा आफ्नु मुलुकको राजकीय चिन्ह र राष्ट्रिय प्रतीक अंकित भएको छाप रहनेछ र व्यवहार हुनेछ, सो छाप प्रधान न्यायाधीशका जिम्मामा रहनेछ। किन्तु निजको अनुपस्थितिमा सो छाप कायम मुकायम प्रधान न्यायाधीशको जिम्मामा रहनेछ।

पुर्जी इत्यादिमा छाप लगाउने.

१६ प्रधान न्यायालयबाट जारी हुने, पठाइने वा गरिने सबै पुर्जी, समन, नियम, आदेश, फैसला र अन्य वाध्यात्मक आज्ञामा प्रधान न्यायालयको छाप लगाउनुपर्दछ।

प्रधान न्यायालयको अधिकार— क्षेत्र एवं अख्तियार

नियम बनाउने अख्तियार.

१७ जारी भइरहेका वा मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सिने सवाल वा नियमका अधीनमा रही समय समयमा प्रधान न्यायालयले आफ्नो अड्डाको रोहरीत व्यवस्थित गर्ने कायमी आदेश र नियम बनाउन सक्तछ। सो आदेश नियमहरू मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजको स्वीकृति भएपछि लागू हुनेछ।

अधिकार-क्षेत्रको गठन र प्रयोग.

१८ विधानमा व्यवस्था नभएसम्म प्रधान न्यायालयलाई दफा ४ मा बाहेक सुरू कारवाई गर्ने कुनै अधिकारक्षेत्र हुनेछैन।

१९ मन्त्रिमण्डलसहित श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सिने ऐन, सवालका अधीनमा रही प्रधान न्यायालयले पाएको मुद्दा दोहऱ्याउने र अन्तिम अपील सुन्ने अधिकारक्षेत्रको प्रयोग

एक वा एकभन्दा बढी न्यायाधीश वा डिभिजन बेंच वा स्पेशल बेंच वा फूल बेंचद्वारा गर्नालाई न्यायको उचित प्रबन्ध हुने सुविधा मिलाई प्रधान न्यायालयले आफ्नो नियम बनाउन सक्तछ ।

बेंचको गठन. २० कुनै न्यायाधीश कुन मुद्दामा एक्लै बस्ने र कुन कुन न्यायाधीशहरू प्रधान न्यायाधीशसहित वा रहित, साथि लेखिएबमोजिमको डिभिजन बेंच, स्पेशल बेंच वा फूल बेंचमा बस्ने भन्ने कुरा प्रधान न्यायालयका प्रधान न्यायाधीशले समय समयमा निर्धारित गर्नेछन् ।

अधिकार- क्षेत्र अख्तियार. २१ मुद्दा दोहऱ्याउने (रिभिजन) र अपील सुन्ने दुवै अधिकारक्षेत्र प्रधान न्यायालयलाई हुनेछ ।

प्रधान न्यायालयले अपील बिन्तिपत्र र साधक (रेफरेन्स) सुन्नेछ। मुद्दा फेरि हेर्ने (रिव्यू), फिर्ता गर्ने (रिमान्ड) र सार्ने अख्तियार पनि उक्त न्यायालयलाई हुनेछ ।

एक न्यायाधीश- बाट छिनिएको मुद्दामा प्रधान न्यायालयमा अपील गर्ने बारको. २२ प्रधान न्यायालयको डिभिजन बेंचले मुद्दा दोहऱ्याइदिने वा अपील हुन सक्ने लायकको भनी निस्सा गरी दिएमा प्रधान न्यायाधीशलगायत कुनै एक न्यायाधीशले प्रधान न्यायालयको अपील सुन्ने वा मुद्दा दोहऱ्याउने अधिकार-क्षेत्रको प्रयोग गरी गरेको डिग्री वा आदेशउपर प्रधान-न्यायालयमा अपील लाग्न वा मुद्दा दोहरिन (रिभिजन हुन) सक्तछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असाधारण अवस्थामा सुरू कारवाई गर्ने अधिकारपत्र.

२३ प्रधान न्यायालयले उचित ठहराएमा सो गर्नाको कारणसमेत आफ्नो कारवाईको मिसीलमा जनाई राखी असाधारण अवस्थामा सुरू कारवाई गर्ने अधिकारक्षेत्र भएको अड्डाका रूपमा प्रधान न्यायालयले आफ्नो मातहतका अदालतहरूको अधिकार—क्षेत्रभित्र पर्ने कुनै मुद्दा मामिलालाई दुवैथरीको मन्जुरी भएमा वा उचित इन्साफका लागि हटाउन हेर्ने र निर्णय गर्न सक्तछ ।

२४ मातहतको अड्डामा विचाराधीन रहेको कुनै मुद्दामा बिधानको व्याख्यासम्बन्धी यस्तो कानूनको ठोस प्रश्न समावेश छ, जसको निर्णय हुनु मुकदमा छिन्नलाई अत्यन्त जरुरी छ भनी प्रधान न्यायालयका विचारबाट मुनासीब देखिएमा प्रधान न्यायालयले त्यस्तो मुद्दा झिकाई ।—

(क) आफैंले फैसला गर्न सक्दछ वा ।

(ख) कानूनको सो प्रश्न निर्णय गरी सो निर्णयपत्र साथ राखी मुद्दा झिकाई आएको अड्डामा फिर्ता पठाइदिनेछन्, सो अड्डाबाट पनि निर्णयपत्रअनुसार त्यस मुद्दाको जाँच गर्न सुरु गर्नेछ ।

दुइ वा दुइ-भन्दा बढी न्यायाधीशले हेरेको मुद्दामा राय फाटेमा गर्ने कार्वाई बारेको.

२५ (क) दुइ वा दुइभन्दा बढी न्यायाधीश भएका बाट मुद्दा हेरिंदा हेर्ने न्यायाधीशहरूका रायबमोजिम वा राय फाटेमा न्यायाधीशहरूमध्ये धेरैको जुन राय हुन्छ, सोहीबमोजिम मुद्दा फैसला हुनेछ । तर सो फैसलामा राय नमिल्ने न्यायाधीशले आफ्नो भिन्न राय लेख्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अपील गरिएको डिग्री वा आदेशलाई केही उल्टी वा पूरा उल्टी गर्ने गरी भएको फैसलामा सो नगर्नेतर्फ बहुमत नभएमा सो अपील गरिएको डिग्री वा आदेश सदर हुनेछ ।

तर सो मुद्दा हेर्ने वेञ्चमा दुइ वा दुइभन्दा बढी न्यायाधीश भएमा र न्यायाधीशहरुको कुनै कानून बुँदा (प्याइण्ट) मा मतभेद भएमा निजहरुले मतभेद भएको सो कानूनी देखाउनु-पर्छ । त्यसपछि सो मुद्दा केवल त्यही कानूनी बुँदालाई लिएर एक वा एकभन्दा बढी अन्य न्यायाधीशबाट हेरिनेछ र त्यो कानूनी बुँदा पहिले र पछि हेर्ने दुवैथरीका न्यायाधीशका बहुमतबाट निर्णय हुनेछ ।

पूरातवरले इन्साफ गर्नाका लागि आदेश इत्यादि दिने अखत्यार.

२६ आफ्नो अधिकारक्षेत्रको प्रयोग गर्दा प्रधान न्यायालयले आफ्ना अड्डामा परिरहेका कुनै मुकदमा वा विषयमा पूरातवरले इन्साफ गर्नाका लागि आवश्यक भएबमोजिमको डिग्री दिन सक्नेछ वा आदेश गर्न सक्नेछ । तथा यस किसिमसँग दिइएको डिग्री वा गरिएको आदेश नेपाल भरमुलुकमा कानूनद्वारा निर्धारित तरीकाबाट जहाँसुकै पनि कार्यान्वित हुनेछ ।

व्यक्तिलाई हाजिर गराउने कागजपत्र पेश गराउने इत्यादि बारेको अख्तियार.

२७ सरकारबाट बनाइने रूल कानूनको मातहत रही कुनै कारवाईसम्बन्धमा जुनसुकै व्यक्तिलाई हाजिर गराउने वा जुनसुकै कागजपत्र प्रकट वा पेश गराउने वा जुनसुकै विषयमा तहकिकातको आदेश गर्नेबारेमा प्रधान न्यायालयलाई सबै र हरेक अख्तियार हुनेछ ।

सरकारद्वारा रायका लागि

२८ कुनै बखत सरकारलाई कानून वा वस्तुस्थितिको कुनै विशेष सार्वजनिक प्रश्नको महत्व प्रश्न आइपरेमा वा पर्ने सम्भव

220

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

निर्देश (रेफरेन्स) भएमा त्यस विषयमा प्रधान न्यायालयको राय लिनु आवश्यक देखिन्छ भने सरकारले सो प्रश्न प्रधान न्यायालयको विचारका लागि सुम्पिन सक्नछ र उक्त न्यायालयले जो चाहिने छलफल गरी सरकारमा आफ्नो राय जाहेर गर्नेछ ।

अदालत कच- २९ प्रधान न्यायालयको लेखापढी नेपाली भाषामा हुनेछ ।
हरीका भाषा.

पुर्जी इत्यादि ३० प्रधान न्यायालयलाई नेपाल भरमुलुकमा जहाँसुकै पनि आफ्नो
जारी गर्ने अधिकार– क्षेत्रभित्र पर्ने सबै कुरामा विधानद्वारा प्रदत्त
अख्तियार. अधिकारको प्रचलनका लागि जुनसुकै व्यक्ति वा व्यक्तिहरू कम्पनी कारपोरेशन वा अधिकारिवर्गलाई जो चाहिने आज्ञापत्र वा आदेश जसमा वन्दी प्रत्यक्ष कारण (हेवियस कार्पस), परमादेश (म्यान्डेमस), प्रतिषेध (प्रोहिविशन), अधिकार पृच्छा (क्वारन्टो), उत्प्रेषण (सर्टी ओरेरी) का प्रकारका पुर्जासमेत शामेल छन्,–जारी गर्ने अखतियार हुनेछ ।

प्रधान न्यायालय ३१ प्रधान न्यायालयले मुद्दा मामिलाको रोहमा ठहराएको कानून
द्वारा घोषित का- (केश ल) प्रधान न्यायालयमातहतका सबै अदालतहरूलाई
नूनको वाध्यता. मात्र कर लाग्नेछ ।

अधिकारिवर्गले ३२ नेपाल मुलुकभित्र सबै निजामती र न्याय–विभागका
प्रधान न्याया- अधिकारिवर्ग–, जसमा फौजदारीतर्फको पनि शामेल छन्,
लयको सहाय- निजहरूले प्रधानन्यायालयलाई चाहिएको मदत दिनेछन् ।
ता गर्ने बारेको.

तालुक अख- ३३ प्रधान न्यायालयका अफिसर कर्मचारीहरूका निमित्त वा निज-
तियार. हरूका सम्वन्धमा खर्च हुने सबै तलब भत्ता पेन्शन तथा

न्यायाधीशहरूको तलब भत्ता प्रधान न्यायालयको प्रबन्ध-सम्बन्धी व्यय नेपालको राज्य-करबाट हुनेछ । प्रधान न्यायालयद्वारा असूले भएको दस्तुरबापतको वा अरू रकमको रुपैयाँ पैसा राज्य-करमा सम्मिलित गरिनेछ ।

३४ (१) आफ्नो अधिकार-क्षेत्रभित्र पर्ने नेपाल भरमुलुकका सबै अदालत र ट्रिब्यूनलहरूमाथि प्रधान न्यायालयको तालुक रहनेछ ।

(२) माथि लेखिएका दफाहरूको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी प्रधान न्यायालयले देहायबमोजिमको काम गर्न सक्नेछ ।

(क) सो अदालतहरूमा परे छिनेका मुद्दाहरूको फाँट र आम्दानी खर्चको लगत झिकाउने ।

(ख) सो अदालतहरूको रोहरीत र कारवाई व्यवस्थित गर्नालाई फाराम नमुना निश्चित गर्ने र सामान्य नियमहरू जारी गर्ने ।

(ग) सो अदालतहरूका अफिसरहरूले राख्नुपर्ने स्याहा सेस्ता, वही, हिसाब किताबको फाराम नमुना निश्चित गर्ने ।

(३) प्रधान न्यायालयले सो अदालतहरूमा काम गर्ने अफिसर कारिन्दालाई र मुद्दा बहस गर्ने वकील एटर्नीलाई दिनुपर्ने फिस तोक्न सक्नेछ ।

तर यस किसिमबाट जारी हुने नियम निश्चित हुने फाराम नमुना वा तोकिने फिस भइरहेका कानून बखिलाप हुन हुँदैन ।

(४) यस दफामा लेखिएको कुनै कुराले प्रधान न्यायालयलाई

जंगी ऐनबमोजिम खडा भएको कुनै अदालत वा ट्रिब्यूनलमाथि तालुकी अखतियार दिएको मानिनेछैन ।

वकील इत्या- ३५ प्रधान न्यायालयमा बहस गर्ने वकील अपील दर्ता गर्ने म्याद
दिका बारेमा. कारवाई हुँदाको खर्च र लाग्ने फिस दस्तुरका विषयमा प्रधान
नियम. न्यायालयले ऐन कानूनमा विरोध नपर्ने गरी नियम बनाउन सक्छ र खास गरेर अड्डाका दृष्टिमा निरर्थक खिचोल्याहा वा झुल्याउने किसिमको अपीलको ठाडो कारवाई गरी छिन्नेविषयमा नियम बनाउन सक्छ ।

खुला इजला- ३६ प्रधान न्यायालयबाट खुला इजलासमा फैसला सुनाइनेछ ।
समा फैसला सु-
नाउने बारेमा.

प्रधान न्या- ३७ (क) प्रधान न्यायालयका कर्मचारीहरूको नियुक्ति प्रधान
यालयका न्यायालयबाट हुनेछ र सो नियुक्ति सरकारबाट सदर हुनेछ ।
अफिसर र क- तर प्रधान न्यायालयको कुनै ८००। रु. भन्दा बढी मासिक
र्मचारीहरूको तलब भएको दर्जामा नेपाल पब्लिक सर्भिस कमिशनको राय
नियुक्ति. लिई तालुक मन्त्रालयबाट भर्ना गरिनेछ ।

(ख) प्रधानन्यायालयका अफिसर कर्मचारीहरुको नोकरीका शर्त प्रधान न्यायालयद्वारा यस विषयमा निश्चित गरेबमोजिमको हुनेछ। तर यो दफाका अन्तर—गत तलब भत्ता, बिदा वा पेन्सन-बारेमा बनेका नियम सरकारबाट स्वीकृत हुनुपर्दछ ।

[मातहतका अ- ३८ (क) प्रधान न्यायालयको राय लिई मन्त्रिमण्डलसहित श्री ५
दालतहरू. महाराजाधिराजबाट जिल्लाजज नियुक्ति गरिबक्सिनेछ, निजलाई स्थान ठेकिबक्सिनेछ र प्रमोशन बक्सिनेछ ।

(ख) जुडिसियल सर्भिसमा जिल्ला न्यायाधीशबाहेक अरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिहरूको नियुक्ति प्रधान न्यायालय र नेपाल पब्लिक सर्भिस कमिशनको राय लिई तालुक मन्त्रालयबाट गरिनेछ ।

(ग) जिल्लाका कर्मचारीहरूको नियुक्ति सरोकारवाला जिल्लाजजको राय लिई प्रधान न्यायालयबाट यस ऐनको ३७ नं. का क र ख दफाबमोजिमको तरीकाले हुनेछ ।

घ) जिल्ला अदालत र सो मातहतका अदालतहरूको जूडिसियल सर्भिसका व्यक्तिहरूको र उक्त अदालतहरूमा काम गर्ने अन्य व्यक्तिहरूको स्थान ठेक्नु, प्रोमोशन दिनु र बिदा मन्जुर गर्नु-समेतको नियन्त्रण माथि उपदफा (क) मा विरोध नपर्ने गरी प्रधान न्यायालयलाई हुनेछ ।

किन्तु यस नम्बरमा लेखिएका कुनै कुराले कुनै व्यक्तिको अपील गर्ने कुनै अधिकार हरण गरेको अर्थ लगाइनेछैन, जसलाई निजको नोकरीका शर्त बन्देज गर्ने कानूनबमोजिम सो अपील गर्ने अधिकार प्राप्त छ । साथै यस नम्बरले प्रधान न्यायालयलाई सो व्यक्तिप्रति कारवाई गर्दा उक्त कानूनबमोजिम तोकिएको निजको नोकरीका शर्तमुताबिक मात्र गर्न पाउनेबाहेक अरू अधिकार दिएको मानिनेछैन ।

३९ यो ऐन जारी भएपछि प्रधान न्यायालयबारेमा यो ऐनसित बाझिनेजति यसअघि जारी भइरहेका गैह् ऐन सबाल सनद खारेज भएको सम्झनुपर्छ ।

२००९–१ २६.

HMG Nepal Press Edition

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावना. २००६ साल वैशाख २६ गते रोज ५ मा लालमोहर सदर भएको प्रधान न्यायालयको ऐनमा केही संशोधन गर्नुपर्ने देखिएकोले शाही परामर्शदाताहरूका सल्लाहअनुसार संशोधन गरी यो ऐन जारी गरिबक्सेको छ ।

१. (१) यो ऐनको नाउँ—प्रधान न्यायालय ऐन पहिलो संशोधन २००६, रहनेछ ।

(२) यो ऐन प्रधान न्यायालयको ऐन जारी हुनासाथ भरमुलुकमा लागू हुनेछ ।

२. मूल ऐनको दफा ६ खारेज गरिएको छ, तथा त्यसको ठाउँमा निम्न लिखित दफा ६ राखिएको छ ।

प्रधान न्यायालयको प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्त भएको प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्नुभन्दा अघि श्री ५ महाराजाधिराजका समक्ष वा मौसूफद्वारा यस कामका लागि निर्दिष्ट व्यक्तिका समक्ष देहायमा लेखिएबमोजिमको शपथ लिई प्रतिज्ञापत्रमा सहिछाप गरी दाखिल गर्नुपर्छ ।

म .... ले पाएको जागीर भत्ता खाइ-सकेको अड्डाको र आफ्ना मातहतमा रहेका अड्डाको कामकाज गर्दा गराउँदा मेरा बुद्धि अक्कलले जाने बुझेसम्म आफू आफूले गर्नुपर्ने कामकारवाई इन्साफमा कसैको पक्षपात र माया मोलाहिजा नगरी ठूलाठाला मानिसको डर नलिई खरखुसामत् नगरी रीस-इबी नलिई बेइमानी नचिताई इमान धर्म अक्कवत सम्झी निमकको सोझो गरी सरकारको र दुनियाँको हक नछाडी ऐन सबाल-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम हक गरुँला । सरकारको चोरी ढाँटी र घूस गोसबत सरसलामीसमेत आफैं वा अरूद्वारा आफूले खान र अरूलाई खुवा-उनेसमेत छैन ।

इन्साफ गर्दा मानिसहरूको मोलाहिजाले वा मानिसहरूको सिफारीसमा लागी जालसाजी कीतें इत्यादि काम गर्नेछैन ।

यी कुराहरूमा तामातुलसी, गङ्गाजल, हरिवंश शिरमा राखी श्रीपशुपतिनाथ, श्रीगुह्येश्वरी, आफ्ना इष्टदेवता सम्झी धर्म भाकी वा सत्यनिष्ठासहित प्रतिज्ञा गर्दछु ।

३. मूल ऐनको दफा ३४ को उपदफा (१) खारेज गरिएको छ। तथा त्यसको ठाउँमा निम्नलिखित उपदफा (१) राखिएको छ।

(१) एडमिनिस्ट्रेटिभ ट्राइब्यूनलबाहेक आफ्नो अधिकार-क्षेत्रभित्र पर्ने नेपाल भरमुलुकका सबै अदालत र ट्राइब्यूनलहरूमाथि प्रधान न्यायालयको ताबुक रहनेछ ।

नोट— अदालत भनेको न्यायसम्बन्धी इन्साफ गर्ने अदालत अमिनी अपील सुन्ने सबै अड्डा ।

४. मूल ऐनको दफा ३८ (क) खारेज गरिएको छ, तथा त्यसका ठाउँमा निम्नलिखित दफा ३८ (क) राखिएको छ ।

३८ (क) प्रधान न्यायाधीशको राय लिई परामर्शदाताहरूको सिफारीसले श्री ५ महाराजाधिराजबाट सदर मोफसलका अपील अड्डाहरूको जज नियुक्त गरिबक्सनेछ । तथा निजहरूलाई स्थान बक्सने र प्रमोशन बक्सनेछ ।

५ मूल ऐनमा निम्नलिखित दफा ४० तथा ४१ थपिएको छ ।

४० मूल ऐनमा लेखिएको कलमबाहेक प्रधान न्यायालयको प्रधान न्यायाधीश अरू न्यायाधीशको नोकरीको शर्त देहाय-बमोजिम हुनेछ ।

(१) प्रधान न्यायाधीशको तलब मोरु १५०० पन्ध्रशय मासिक तथा न्यायाधीशहरुको तलब मोरु १००० एकहजार मासिक, हुनेछ ।

(२) प्रधान न्यायालयको प्रधान न्यायाधीश र अरू न्यायाधीशहरू बहाल भएपछि निजहरुले यस ऐनबमोजिम पाएको सुविधाहरुमा कट्टी हुने या अरु बाधाजनक नयाँ शर्तहरु राखिनेछैनन्।

(३) प्रधान न्यायालयको हरएक न्यायाधीशहरुलाई सरकारी कामले प्रधान न्यायालय छोडी चारभन्ज्याङ्बाहिर अन्यत्र कतै जानुपरेमा उनीहरुले खाई पाएको तलबमा थपको सुहाउँदो सफरभत्ताको र बक्स इन्तजाम परामर्शदाताहरुको सल्लाहले श्री ५ महाराजाधिराजबाट तोकिबक्सनेछ ।

(४) प्रधान न्यायालयको न्यायाधीशहरुको बिदा र पेन्शन नेपाल सरकारको निजामती सवाल (सिभिल सर्भिस रेगुलेशन) र पेन्शनको नियमबमोजिम हुनेछ ।

(५) सवारी या सवारीखर्च सरकारी घर या घरभाडाको सुविधा कुनै पनि न्यायाधीशलाई हुनेछैन । तर सदर चार-भन्ज्याङ्भित्र घर नभएमा आफैले बहाल तिर्ने गरी घरको बन्दोबस्त गरी पाऊँ भनेमा सरकारतर्फबाट बन्दोबस्तसम्म गरी दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(६) प्रधान न्यायाधीशलगायत सबै न्यायाधीशहरूको बहाली अन्तरीम कालको लागि मात्र हुनेछ ।

४१ एटर्नी जनरलको कर्तव्य तथा सुविधा देहायबमोजिम हुनेछ ।

(१) प्रधान न्यायालयको न्यायाधीश हुन लायकको व्यक्तिलाई परामर्शदाताहरूको सल्लाहले श्री ५ महाराजाधिराजबाट एटर्नी जनरलको पदमा नियुक्ति गरिबक्सनेछ ।

(२) परामर्शदाताहरूको सल्लाहले श्री ५ महाराजाधिराजका इच्छा-अनुसार एटर्नी जनरलको नोकरी बहाल रहनेछ ।

(३) एटर्नी जनरल बिदा र डिपुटीसनमा गएका बखत तल लेखिएका नियमहरूमा बाथि उपदफा (१) मा लेखिएबमोजिम नियुक्त भएका व्यक्ति एटर्नी जनरल हुनेछ ।

(४) एटर्नी जनरलको नोकरी अन्तरीम कालको लागि हुनेछ ।

(५) नेपाल सरकारले मुद्दा मामिला कानूनी विषयमा मागेको कानूनी राय दिनु र कानूनी कारवाई गर्नु एटर्नी जनरलको मुख्य कर्तव्य हुनेछ ।

(६) बाथि ५ उपदफामा लेखिएका सरकारी मुद्दा मामिलाको कारवाई-को काममा एटर्नी जनरललाई अदालततर्फ सबै अड्डामा गई बहस गर्न पाउने अधिकार रहन्छ ।

(७) एटर्नी जनरलको कर्तव्य देहायबमोजिम हुनेछ ।

(क) नेपाल सरकारले कानूनविभागमार्फत मुद्दा मामिलामा ऐन कानून-सम्बन्धी विषयहरूमा सल्लाह मागेका कलमहरूमा सल्लाह दिनु र सो बिभागबाट खटाएका बखत मुद्दा मामिलामा अदालतमा गई कारवाई गर्नु र सरकारी कानूनी काम जुनसुकै परी आएमा गर्नु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विधान र अरू प्रचलित ऐन वा अब जारी हुने ऐन-बमोजिम एटर्नी जनरलले गर्नुपर्ने सबै काम गर्नु ।

(८) एटर्नी जनरलसँग कानून न्यायविषयक जुनसुकै कुराको सोधनी र जवाफ जुनसुकै विभागबाट भए पनि कानून न्यायविभागमार्फत मात्र हुनेछ ।

(९) एटर्नी जनरललाई तल लेखिएको काम कुराहरू मनाही छ।

(क) नेपाल सरकारविरुद्ध मुद्दा मामिलामा बारीस बस्नु या सल्लाह दिनु ।

(ख) नेपाल सरकारले राय सल्लाह लिने सम्भावना भएको या बारीस गराउने किसिमका विषयहरूमा गैर सरकारी पार्टी सल्लाहकार वा बारीस हुनु ।

(ग) नेपाल सरकारको अनुमतिविना कुनै फौजदारी मुद्दामा बारीस हुन या सल्लाह दिनु ।

(घ) नेपाल सरकारको अनुमतिविना कुनै सम्पत्तिको डाइरेक्टर हुनु ।

(१०) माथि लेखिएका बाहेक अरू विषयमा सरकारी कामको फुर्सत हेरी प्राइभेटप्राक्टिस गर्ने अनुमति एटर्नी जनरललाई भएको छ ।

(११) एटर्नी जनरलको मासिक रीटेनर फी मोरू १००० एकहजार र प्रधान न्यायालयमा र अन्यत्र अदालत कचहरी-मा समेत काम गर्नुपर्ने हुनाले बिदामा गएका बाहेक थप मोरू २५०। दुइसय पचाससमेत जम्मा मोरू १२५०। बाहसय पचास मासिक रीटेनर फी हुनेछ ।

225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) सरकारपर्फबाट एटर्नी जनरलको आफिसको कामको लागि ननगजेटेड दर्जाको टाइपिष्टको काम गर्ने जान्ने पर्सनल असिस्टेन्ट १ र पियन २, आफिसको लागि स्थान, घर र आफिसमा टेलिफोन राखिदिइनेछ। यसको खर्च सरकार-तर्फबाट हुनेछ।

(१३) एटर्नी जनरलको लागि मसलन्द खर्च साल १ को मोरू ३००। तीनशय हुनेछ।

(१४) एटर्नी जनरलको वासस्थान बिदा डेपुटेशन र न्याय-सम्बन्धी सरकारी काममा बाहिर गएका दिनबाहेक अरू दिन काठमाडौंमा हुनेछ।

(१५) उपदफा ७ बमोजिम सरकारिया काममा चारभंज्याङबाहिर अन्यत्र गएका बखत एटर्नी जनरलको सवारी खर्च र अरू सुविधा न्यायालयको जजको सरह हुनेछ।

(१६) उपदफा (७) मा लेखिएका कामको लागि उपदफा (११) मा लेखिएको रिटेनर फीबाहेक एटर्नी जनरललाई अरू फी सरकारले दिनेछैन।

(१७) एटर्नी जनरललाई सवारी या सवारी खर्च, सरकारी घर या भाडाको सुविधा हुनेछैन।

मिति २००९ आश्विन ३१ गते

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।